# काठमाडौं महानगरपालिका

यँ महानगरपालिका

# स्थानीय राजपत्र

काठमाडौँ महानगरपालिकाद्वारा प्रकाशित

वर्ष ८) काठमाडौँ, मङ्सिर २३ गते, २०८१ साल


## भाग १

## काठमाडौँ महानगरपालिकाको
## एग्रो पुलिङ कार्यविधि, २०८१

**प्रस्तावना** : काठमाडौँ महानगरवासीलाई अन्य स्थानीय तहसँगको सहकार्यमा प्रकृतिसम्मत कृषि प्रणालीको प्रवर्धन गर्दै गुणस्तरीय र ताजा खाद्यान्न सहज रूपले उचित मूल्यमा प्राप्त गर्ने कार्यमा सहजीकरण गर्ने उद्देश्यले काठमाडौँ

महानगरपालिकाबाट कार्यान्वयनमा ल्याइएको एग्रो पुलिङ कार्यक्रम सञ्चालनको लागि कानुनी प्रबन्ध गर्न वाञ्छनीय भएकोले काठमाडौं महानगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम "एग्रो पुलिङ कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा,-

(क) '**अन्य स्थानीय तह**' भन्नाले यो कार्यविधि कार्यान्वयनका लागि काठमाडौं महानगरपालिकासँग सहकार्य गर्ने जुनसुकै स्थानीय तह सम्झनुपर्छ।

(ख) '**उत्पादक संस्था**' भन्नाले अन्य स्थानीय तहसँग सम्झौता गरी खाद्यान्न उत्पादन गर्ने, सङ्कलन गर्ने, गुणस्तर परीक्षण गर्ने र ढुवानी गरी महानगरपालिकाले तोकेको वितरक संस्थालाई खाद्यान्न आपूर्ति गर्ने कृषक समूह वा कृषि सहकारी वा कम्पनी सम्झनुपर्छ।

(ग) '**कार्यपालिका**' भन्नाले काठमाडौं महानगरपालिका नगर कार्यपालिका सम्झनुपर्छ।

(घ) '**निर्देशक समिति**' भन्नाले दफा ३ बमोजिमको निर्देशक समिति सम्झनुपर्छ।

(ङ) '**प्रमुख**' भन्नाले काठमाडौं महानगरपालिकाको प्रमुख सम्झनुपर्छ।

(च) '**महानगरपालिका**' भन्नाले काठमाडौं महानगरपालिका सम्झनुपर्छ।

(छ) '**वितरक संस्था**' भन्नाले उत्पादक संस्थाले महानगरपालिका क्षेत्रभित्र आपूर्ति गरेको खाद्यान्नलाई भण्डार गर्ने, परीक्षण गर्ने, प्याकेजिङ गर्ने, लेबलिङ गर्ने, मूल्य निर्धारण गर्ने र बिक्री वितरणको प्रबन्ध मिलाउने कृषि सहकारी वा कम्पनी सम्झनुपर्छ।

(ज) '**विभाग**' भन्नाले काठमाडौं महानगरपालिकाको कृषि तथा पशुपन्छी विभाग सम्झनुपर्छ ।

(झ) '**विषयगत समिति**' भन्नाले काठमाडौं महानगरपालिकाको कृषि, सहकारी तथा पशुपन्छी व्यवस्था समिति सम्झनुपर्छ ।

## परिच्छेद-२
### संस्थागत व्यवस्था

३. **निर्देशक समिति रहने** : (१) एग्रो पुलिङसम्बन्धी नीतिगत प्रबन्ध गर्न एक निर्देशक समिति रहनेछ ।

(२) निर्देशक समितिको गठन देहायबमोजिम हुनेछ :

| | |
|---|---|
| (क) विषयगत समितिका संयोजक | अध्यक्ष |
| (ख) सहरी योजना आयोगले तोकेको विषय विज्ञ | सदस्य |
| (ग) प्रमुखले तोकेको कृषि विज्ञ | सदस्य |
| (घ) विभागका प्रमुख | सदस्य |
| (ङ) कृषि महाशाखा प्रमुख | सदस्य सचिव |

४. **निर्देशक समितिको काम, कर्तव्य र अधिकार** : निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) अन्य स्थानीय तहसँग सहकार्य गरी एग्रो पुलिङ कार्यक्रम सञ्चालन सम्बन्धी नीतिगत प्रबन्ध गर्ने,

(ख) महानगरवासीको उपभोगका लागि आवश्यक पर्ने खाद्यान्न विशेषको उत्पादन क्षेत्र पहिचान गरी अन्य स्थानीय तहसँग सहकार्यको प्रस्ताव विषयगत समितिमार्फत कार्यपालिका समक्ष पेश गर्ने,

(ग) खण्ड (ख) बमोजिम पहिचान भएका अन्य स्थानीय तहसँग सहकार्यको सर्त, बन्देज तथा दायित्व यकिन गरी सम्झौता गर्ने,

(घ) अन्य स्थानीय तहलाई प्रविधि, जनशक्ति, अनुदान र भौतिक सामग्री उपलब्ध गराउन कार्यपालिका समक्ष सिफारिस गर्ने,

(ङ) स्वच्छ प्रतिस्पर्धाको सूचकहरू तयार गरी अन्य स्थानीय तहलाई पुरस्कार प्रदान गर्न कार्यपालिका समक्ष सिफारिस गर्ने,

(च) वितरक संस्थाको छनोटको आधारहरू तयार गरी कार्यपालिका समक्ष सिफारिस गर्ने,

(छ) महानगरपालिका क्षेत्रभित्र वितरक संस्थालाई खाद्यान्न विक्री वितरणका लागि स्थानहरू उपलब्ध गराउने कार्यमा सहजीकरण गर्ने,

(ज) महानगरपालिका क्षेत्रभित्र गुणस्तरीय तथा ताजा खाद्यान्न उपलब्ध गराउन आवश्यक प्रबन्ध गर्ने, र

(झ) कार्यपालिका र विषयगत समितिले तोकेको अन्य कार्य गर्ने ।

५. **निर्देशक समितिको बैठक सञ्चालनसम्बन्धी व्यवस्था** : निर्देशक समितिको बैठक देहायबमोजिम सञ्चालन हुनेछ :

(क) समितिको बैठक कम्तिमा महिनाको एक पटक बस्नेछ ।

(ख) समितिको बैठक अध्यक्षको निर्देशनमा सदस्य सचिवले बोलाउनेछ ।

(ग) समितिको बैठकमा आवश्यकताअनुसार बाह्य विज्ञ, अन्य स्थानीय तहका प्रतिनिधि र कर्मचारीहरूलाई आमन्त्रण गर्न सकिनेछ ।

(घ) समितिको बैठकमा उपस्थित सदस्य, विज्ञ तथा कर्मचारीलाई विषयगत समितिलाई उपलब्ध गराए सरह बैठक भत्ता उपलब्ध हुनेछ ।

६. **अन्य स्थानीय तहले उत्पादक संस्थासँग सम्झौता गर्नुपर्ने** : (१) अन्य स्थानीय तहले एग्रो पुलिङ कार्यक्रमका लागि दफा ८ बमोजिम प्राथमिकीकरण गरिएका खाद्यान्न उत्पादन, सङ्कलन, परीक्षण र ढुवानी गर्ने जिम्मेवारी उत्पादन संस्थासँग रहने गरी सम्झौता गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम गर्नुपूर्व अन्य स्थानीय तहले उत्पादक संस्थासँग सहकार्य गर्न इच्छुक किसानहरूको सूची तयार गरी एग्रो पुलिङ कार्यक्रममा आबद्ध गराउनु पर्नेछ ।

७. **वितरक संस्थासँग सम्झौता गर्नुपर्ने** : निर्देशक समितिले दफा ६ बमोजिम उत्पादक संस्थाबाट आपूर्ति हुने खाद्यान्न भण्डारण, प्याकेजिङ, लेबलिङ, अधिकतम विक्री मूल्य निर्धारण, विक्री स्थलमा ढुवानी र विक्री वितरण गर्ने जिम्मेवारी वितरक संस्थासँग रहने गरी सम्झौता गर्नुपर्नेछ ।

## परिच्छेद-३
## खाद्यान्न आपूर्ति प्रक्रियासम्बन्धी व्यवस्था

८. **खाद्यान्नको प्राथमिकीकरण गरिने** : (१) निर्देशक समितिले एग्रो पुलिङ कार्यक्रमका लागि आवश्यक खाद्यान्नको प्राथमिकीकरण गर्नेछ ।

(२) उपदफा (१) बमोजिम खाद्यान्नको प्राथमिकीकरण सामान्यत: देहायबमोजिम हुनेछ :

(क) चामल, गहुँ, मकै, कोदो र फापर;

(ख) मास, मुसुरो, रहर र मुङको दाल;

(ग) सिमी, गहत, बोडी र भटमास;

(घ) आलु, तरुल र पिँडालु;

(ङ) लसुन, प्याज, अदुवा, बेसार, टिमुर र खोर्सानी;

(च) तेल, घिउ र दुग्धजन्य पदार्थ;

(छ) माछा, अण्डा, कुखुरा, खसी र राँगाको मासु; र

(ज) मौसमी हरियो तरकारी तथा फलफूल ।

९. **अन्य स्थानीय तह छनोट गरिने** : (१) निर्देशक समितिले दफा ८ बमोजिम प्राथमिकीकरण गरिएका खाद्यान्न वितरक संस्थालाई उपलब्ध गराउन निर्दिष्ट कृषि उपज उत्पादन गर्ने पकेट क्षेत्रका आधारमा अन्य स्थानीय तह छनोट गर्नेछ ।

(२) उपदफा (१) बमोजिम पकेट क्षेत्र निर्धारण गर्दा नेपाल सरकारले तोकेको क्षेत्र र विभागले गरेको स्थलगत अध्ययन प्रतिवेदनलाई आधार मान्नु पर्नेछ ।

(३) अन्य स्थानीय तह छनोट गर्दा स्थानीय प्रविधि, सीप, श्रम, रैथाने बीउ, सामूहिक खेती, प्राङ्गारिक मलको प्रयोग गरी खाद्यान्न उत्पादन गर्ने अन्य स्थानीय तहलाई प्राथमिकता दिइनेछ ।

(४) महानगरपालिकाले आह्वान गरेको सूचना बमोजिम वा स्वेच्छिक रूपमा एग्रो पुलिङ कार्यक्रम सञ्चालनमा सहभागी हुन इच्छुक अन्य स्थानीय तहको प्रस्ताव समेतलाई छनोटको आधार मान्न सकिनेछ ।

१०. **सूचना प्रकाशन गर्नुपर्ने** : (१) दफा ९ बमोजिम अन्य स्थानीय तह छनोट गर्दा महानगरपालिकाको वेबसाइट र सार्वजनिक माध्यमबाट सूचना प्रकाशन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन गर्दा अन्य स्थानीय तह छनोटको आधार समेत खुलाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम सूचना प्रकाशन गर्दा अन्य स्थानीय तहले महानगरपालिकामा निवेदन दिँदा उपलब्ध गराउनुपर्ने विवरण समेत उल्लेख गर्नुपर्नेछ ।

११. **अन्य स्थानीय तहसँग सम्झौता गरिने** : (१) दफा ९ बमोजिम छनोट भएका अन्य स्थानीय तहसँग सम्झौता गर्दा देहायका कुरालाई समेत आधार लिनु पर्नेछ :

(क) दफा ८ बमोजिम प्राथमिकीकरण गरिएका खाद्यान्न,

(ख) वित्तीय साझेदारीको हिस्सा,

(ग) उत्पादन, सङ्कलन, परीक्षण, प्याकेजिङ, लेबलिङ, बिमा, ढुवानी, भण्डारण, मूल्य निर्धारण, बिक्री वितरण, कोल्डचेन, भुक्तानीको प्रक्रिया लगायतका विषयमा जिम्मेवारी,

(घ) प्राविधिक सहयोग, अनुदान तथा पूर्वाधार निर्माणको दायित्व, र

(ङ) निर्देशक समितिले तोकेका अन्य कुरा ।

(२) उपदफा (१) बमोजिम गरिने सम्झौताको ढाँचा निर्देशक समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

१२. **अन्य स्थानीय तहको उत्पादनलाई प्रवर्धन गरिने** : (१) छनोट भएको अन्य स्थानीय तहको उत्पादनलाई प्रवर्धन गर्न महानगरपालिकाले आवश्यकता-अनुसार अनुदान, प्रविधि, सामग्री, प्राविधिक सहयोग र जनशक्ति उपलब्ध गराउनेछ ।

(२) उपदफा (१) बमोजिम कुनै पनि प्रकारको सहयोग उपलब्ध गराउँदा देहायका कुरालाई आधार लिन सकिनेछ :

(क) खाद्यान्नको उत्पादन वृद्धि गर्ने,

(ख) रासायनिक विषादीको प्रयोगलाई निरुत्साहित गरी जैविक विषादीको

प्रयोगलाई प्रवर्धन गर्ने,

(ग) माटोमा प्राङ्गारिक पदार्थ वृद्धि गर्ने,

(घ) जैविक मलमा लगानी वृध्दि हुने,

(ङ) खाद्य सुरक्षा सुनिश्चित गर्न योगदान पुग्ने,

(च) जलवायु परिवर्तनको असर न्यूनीकरणमा सघाउ पुग्ने, र

(छ) माटो तथा मानव स्वास्थ्य र खाद्य सङ्कटलाई न्यूनीकरण गर्न मद्दत पुग्ने ।

(३) उपदफा (१) बमोजिम उपलब्ध गराइने वित्तीय तथा भौतिक सहयोगका बारेमा महानगरपालिका र अन्य स्थानीय तहबिच हुने सम्झौतामा उल्लेख गर्नुपर्नेछ ।

## परिच्छेद-४

## खाद्यान्नको मूल्य निर्धारण तथा वितरणसम्बन्धी व्यवस्था

१३. **खाद्यान्नको मूल्य निर्धारण गरिने** : (१) उत्पादक संस्थाले खाद्यान्न उत्पादन गर्ने कृषकसँग सम्बन्धित स्थानीय तहको अनुमति लिई खरिद मूल्य निर्धारण गर्नुपर्नेछ ।

(२) वितरक संस्थाले महानगरपालिकाको अनुमति लिई विक्री मूल्य निर्धारण गर्नुपर्नेछ ।

१४. **वितरक संस्थालाई स्थान उपलब्ध गराउन सकिने** : (१) निर्देशक समितिले सम्बन्धित वडा समितिको सिफारिसमा वितरक संस्थालाई खाद्यान्न विक्री वितरणका लागि देहायका स्थानहरू उपलब्ध गराउन वा उपलब्ध गराउने कार्यमा सहजीकरण गर्न सक्नेछ :

(क) सहकारी संस्था,

(ख) पार्टी प्यालेस,

(ग) संस्थागत तथा सामुदायिक विद्यालय,

(घ) वडा कार्यालय, र

(ङ) पार्क तथा सार्वजनिक स्थान ।

(२) उपदफा (१) बमोजिम बिक्री वितरण स्थल उपलब्ध गराउँदा पालन गर्नुपर्ने सर्तहरू निर्देशक समितिले तोकेबमोजिम हुनेछ।

१५. **खाद्यान्नको गुणस्तर सुनिश्चित गरिने** : (१) दफा ८ बमोजिम प्राथमिकीकरण गरिएका खाद्यान्नहरूको गुणस्तर सुनिश्चित गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम कम्तिमा देहायका कार्य तथा चरणमा गुणस्तर सुनिश्चित गर्नुपर्नेछ :

(क) बीउको गुणस्तर,

(ख) सुरक्षित उत्पादन,

(ग) प्याकेजिङ तथा ढुवानी,

(घ) खाद्यान्न भण्डारण, र

(ङ) बिक्री वितरण।

## परिच्छेद-५
## विविध

१६. **प्रतिवेदन पेश गर्नुपर्ने** : (१) निर्देशक समितिले अर्धवार्षिक रूपमा कार्यपालिका समक्ष आफ्नो प्रतिवेदन पेश गर्नुपर्नेछ।

(२) प्रतिवेदनको ढाँचा निर्देशक समिति आफैँले तोकेबमोजिम हुनेछ।

१७. **नियमन गर्नुपर्ने** : यो कार्यविधिबमोजिमको कार्यसम्पादन गर्दा निर्देशक समितिको निर्णयबमोजिम विभागले आवश्यकताअनुसार नियमन कार्य गर्नुपर्नेछ।

१८. **महानगरपालिकाले कम्पनी स्थापना गर्न सक्ने** : महानगरपालिकाले एग्रो पुलिङ कार्यक्रम कार्यान्वयनका लागि वितरक संस्थाको रूपमा काम गर्ने गरी कम्पनी स्थापना गर्न सक्नेछ।

१९. **अन्य स्थानीय तहलाई पुरस्कृत गर्न सकिने** : (१) निर्देशक समितिले निर्धारण गरेको सूचकका आधारमा उत्कृष्ट ठहरिएको अन्य स्थानीय तहलाई निर्देशक समितिको सिफारिसमा महानगरपालिकाले पुरस्कृत गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गर्दा एउटा प्रदेशबाट एक भन्दा बढी नपर्ने गरी बढीमा सात वटा स्थानीय तहलाई पुरस्कृत गरिनेछ ।

२०. **उपभोक्तालाई सहुलियत दिन वा सम्मान गर्न सकिने** : (१) एग्रो पुलिङ कार्यक्रममा नियमित सहभागी हुने उपभोक्तालाई निर्देशक समितिले तोकेको सर्तको आधारमा सहुलियत दिन वा सम्मान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सहुलियत दिन वा सम्मान गर्न मेट्रो मार्ट प्रणाली मार्फत हुने कारोबारलाई समेत आधार मान्न सकिनेछ ।

२१. **महानगरपालिकाको निर्णय अन्तिम हुने** : एग्रो पुलिङ कार्यक्रमको कार्यान्वयनको क्रममा महानगरपालिका र अन्य स्थानीय तह वा सरोकारवाला विच हुने सहकार्यको क्रममा कुनै विवाद तथा असमझदारी सिर्जना भएमा महानगरपालिकाको निर्णय अन्तिम हुनेछ ।

२२. **बाधा अड्काउ फुकाउने** : यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ भएमा निर्देशक समितिले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

मिति : २०८१।८।२३

**आज्ञाले**
**सरोज गुरागाईं**
**प्रमुख प्रशासकीय अधिकृत**